प्रदेश सरकार

# आन्तरिक मामिला तथा कानून मन्त्रालय

कर्णाली प्रदेश

**सुर्खेत, नेपाल**

पत्र-संख्या :- २०७५/०७६

चलानी नंम्बर :- ४६७

मिति : २०७५/०९/२७

## प्रेस विज्ञप्ती

नेपालको संविधानको धारा (३) मा बहुजातीय, बुहभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विशेषतायुक्त, भौगोलिक विविधतामा रहेका समान आकांक्षा र नेपालको राष्ट्रिय स्वतन्त्रता, भौगोलिक अखण्डता, राष्ट्रिय हित तथा समृद्धिप्रति आस्थावान रही एकताको सूत्रमा आवद्ध सबै नेपाली जनता समष्टिमा राष्ट्र हो भनी उल्लेख भएको छ । कर्णाली प्रदेश बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बुहसांस्कृतिक क्षेत्र रहेको र माघी पर्व मनाउने सम्प्रदायको ठुलो संख्या रहेको छ । माघी/ माघे संक्रान्ति पर्वलाई हर्षोल्लास रुपमा मनाउन राष्ट्रसेवक तथा विद्यार्थीहरुलाई उक्त दिन बिदा भएमा पर्व मनाउन समय मिल्ने एवं परम्परागत मूल्य मान्यता को संरक्षण भई सामाजिक सांस्कृतिक सहिष्णुता कायम गर्न सघाउ पुग्ने भएकोले प्रदेश सरकार (मन्त्रिपरिषद्) को मिति २०७५।९।२६ मा बसेको वैठकबाट **२०७५ माघ १ गतेका दिन सार्वजानिक बिदा** दिने निर्णय भएकाले सर्वसाधारण एवं सम्बन्धित सम्पूर्ण महानुभावहरुमा जानकारीका लागि निर्देशानुसार हार्दिक अनुरोध छ ।

(हितप्रसाद पौडेल)

शाखा अधिकृत